कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई-पेपरका लागि स्क्यान गर्नुहोस्।)

वर्ष: २६ अंक: १९० वि.सं. २०८३ कार्तिक ११ बुधवार नेपाल संवत: ११४६ कार्तिक कृष्ण द्वितीया Wednesday 28 October 2026 yugaawhan@gmail.com पृष्ठ: ४ मूल्य: ५ ।-

एनपीएलको उत्साह

घण्टाघर डबलीमा लाइभ स्क्रिनमा झुम्दै क्रिकेट पारखी

ओम शाही
सुखेत, १० कार्तिक ।

कालीकोट घर भई अध्ययनको शिलशिलामा कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-३ तातापानी बस्दै आएका जगदिश शाही मंगलबार (१० कार्तिक) साँझ घण्टाघर डबलीमा भेटिए। वीरेन्द्रनगर-६ स्थित घण्टाघर डबली, जहाँ अहिले क्रिकेटको महाकुम्भ चलिरहेको छ।

क्रिकेटका पारखी उनी सोमबार (९ कार्तिक) देखि सुरु भएको क्रिकेटको सर्वाधिक ठुलो प्रतियोगिता नेपाल प्रिमियर लिग (एनपीएल) को तेस्रो संस्करणमा झुमिरहेका छन्। संघीय राजधानी काठमाण्डौंस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा प्रतियोगिता सञ्चालन भइरहदा शाही मात्रै होइनन्, सयौँ क्रिकेट पारखीहरु दैनिक दुई पटक घण्टाघर डबली पुग्ने गरेका छन्।

उनीहरु भौतिक रुपमा टियु क्रिकेट मैदानमा छैनन्, तर उत्साह भने प्रत्यक्ष मैदानमै पुगेभन्दा कम छैन। मैदानमै पुगेर प्रत्यक्ष खेल हेर्ने रहर भएपनि भौगोलिक दूरी, आर्थिक अभाव तथा अन्य कारणले पहिलो र दोस्रो संस्करण हेर्न सानो पर्दामा सीमित क्रिकेट पारखीलाई यसपटक लाइभ स्क्रिन बरदान सावित भएको छ। त्यो पनि निशुल्क।

प्रतियोगितामा सहभागी आठ फेन्चाइज मध्ये सात टोलीको मुख्य प्रायोजक एक्सट्रिम इनर्जी ड्रिङ्कसले सात प्रदेशका प्रमुख सहरका सार्वजनिक स्थानमा ठुलो स्क्रिनमा निशुल्क लाइभ प्रतियोगिता हेर्ने व्यवस्था मिलाएपछि यस पटकको एनपीएल विशेष बनेको छ। मंगलबार



साँझ घण्टाघर डबलीको लाइभ स्क्रिनअघि झुमेका समर्थकहरु निकै उत्साहित थिए। कारण थियो, कर्णाली याक्स। काठमाण्डौंको मैदानमा फेन्चाइज टिम जनकपुर बोल्टसँग प्रतिस्पर्धा गरिरहेको कर्णाली याक्सको समर्थनमा उनीहरु घण्टाघर डबलीमा हुटिङ गर्दै थिए।

भौतिक दुरीले निकै टाढा भएपनि उनीहरुले खेलाडीलाई लाइभ स्क्रिनबाट ढाडस दिदै गरेको देखिन्थे। 'लाइभ मै एनपीएल हेर्न पाउँदा निकै खुसी लागेको छ। किनभन्दा टियु मैदानमै गएर सबैजना भिजिट गर्न सकिने अवस्था हुँदैन,' शाही भन्छन्, 'कर्णाली भनेको खेलमैदानभन्दा धेरै टाढा छ। तर, घण्टाघरमा आएर अहिले मन परेको खेल हर्न सजिलो भएको छ।' शाहीका अनुसार काठमाण्डौंसम्म प्रतियोगिता हेर्न जाँदा लाग्ने खर्च जोगिनुका साथै आफ्नै आँगनमा सुरक्षित र व्यवस्थित वातावरणमा खेल हेर्न पाइएको छ।

'खेल हेर्नकै लागि ठुलो धनराशी खर्चनु परेन। यसले खेलप्रति रुचि पनि बढाउने भयो,' उनले थपे, 'खेललाई नजिकबाट बुझ्ने अवसर मिल्दा यसप्रति हेर्ने दृष्टिकोण नै फरक हुन्छ र आउने दिनमा खेललाई थप उचाई दिन सहयोग पुग्छ।'

वीरेन्द्रनगरको घण्टाघरको डबली, जसलाई कतिपयले सेल्फी पार्कका रूपमा पनि चिन्दछन्। काठमाडौंको पिचमा ठोक्किएको बलको तरंगले सयौँ किलोमिटर टाढा रहेको वीरेन्द्रनगर उपत्यकालाई जुरुक्क उचालेको छ। एनपीएलको यो सिजनले नेपाली क्रिकेट रंगशालाको सीमाभित्र मात्र सीमित नभई आमनेपालीको मन र सार्वजनिक चोकहरूमा समेत उत्सव बनेर फैलिएको सन्देश घण्टाघर डबलीले दिइरहेको छ।

वीरेन्द्रनगर नगरपालिकाले पर्यटन प्रवर्द्धनका लागि घण्टाघरलाई व्यवस्थित बनाएको छ। सार्वजनिक ठाउँमा यसरी खेलकुदलाई प्रविधिमार्फत आममानिससम्म पुऱ्याउँदा यसले आगामी पुस्तामा समेत क्रिकेटप्रति छाप छाड्ने स्थानीय खेलप्रेमीहरू बताउँछन्। घण्टाघर डबलीमा खेल हेर्न पुगेका स्थानीय समर्थक धीरेन अनुपमले अनुसार एनपीएल सिजन-३ मा भएको यो प्रयासले क्रिकेटलाई जनस्तरसम्म पुऱ्याउन ऐतिहासिक भूमिका खेलेको बताउँछन्।

'एनपीएल सिजन-३ चलिरहँदा हाम्रो घण्टाघर पार्क, जसलाई मान्छेहरू सेल्फी पार्क पनि भन्छन्, त्यहाँ पब्लिकल्ली रूपमा हेर्ने यस्तो वातावरण बनेको छ। यो एकदमै राम्रो कुरा हो,' उनी भन्छन्, 'यस्ता क्षेत्रहरू सबै ठाउँमा हुनुपर्छ। यसले पहुँचभन्दा बाहिरका मान्छेलाई पनि सुर्खेत भ्यालीसम्म आएर प्रेरित गर्छ।'

▶ बाँकी ४ पेजमा

कर्णालीको विजयी यात्रा सुरु

कर्णाली याक्सले नेपाल प्रिमियर लिग (एनपिएल) मा विजयी सुरुआत गरेको छ। मंगलबार युनिस ठकुरी र हुसैन तलातको घातक बलिङमा दोस्रो खेलमा कर्णालीले जनकपुरलाई १९ रनले हराउँदै एनपिएलमा सुखद सुरुआत गरेको हो। कर्णालीले दिएको एक सय ३३ रनको लक्ष्य पछ्याएको जनकपुर तीन बल अगावै एक सय १३ रनमा अलआउट भयो।

जनकपुरलाई कम स्कोरमा रोक्न कर्णालीका युनिस र तलातले समान तीन विकेट लिए। युनिसले आफ्नो स्पेलमा एक मेडन राख्दै २२ रन खर्चे। तलातले चार ओभरमा २६ रन खर्चेर तीन विकेट लिए। सोमपाल कामीले दुई ओभरमा पाँच रन दिएर एक विकेट लिए। नन्दन यादवले दुई विकेट आफ्नो नाममा गरे। जनकपुरका लागि कप्तान हरमित सिंह र मोइन अलीले समान १९ रन बनाए। हरमितले १३ बलमा दुई चौका हाने।

जेम्स निसमले १५, अनिल साह ले ११ रन थपे। अविशेक तिवारी २० रन बनाउँदा क्याच आउट हुन पुगे। त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा जनकपुर बोल्ट्सले टस जितेर फिल्डिङ रोजेपछि ब्याटिङ गरेको कर्णालीले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ३२ रनको योगफल तयार पारेको थियो। आक्रामक सुरुआत गरेको कर्णालीले पावर प्ले मा नै तीन विकेट गुमाएको थियो।

त्यसपछि केही दबाबमा परेको कर्णालीका लागि अरिफुल इस्लाम र पवन सर्राफले इनिङ्स सम्हालेका थिए। अरिफुल इस्लामले बनाएको ४३ रन नै सर्वाधिक रह्यो। उनले २९ बलमा चार चौका प्रहार। ३७ बलमा तीन छक्का सहयोगमा ३७ रन नै बनाएका पवन सर्राफ ललित राजवंशीको बलमा निसमको हातबाट क्याच आउट भए।

दिपक डुम्रेले १३ र गुल्सन झा ले १२ रन थपे। पाँच बलमा एक रन बनाएका कप्तान सोमपाल कामी हरमितको बलमा एलबीडब्लु धरापमा परे। तलात तीन, मार्क वाट र अकबर अली समान एक रनमा आउट भए।

▶ बाँकी ४ पेजमा

होल्डिङ सेन्टरमै बित्यो दशैँ, तिहार पनि टहरामै मनाउनुपर्ने चिन्ता

सरला सुवेदी
बाँके, १० कार्तिक ।

गाउँबस्ती र घरआँगनमा दसैँको रौनक सकिएर तिहारको चहलपहल सुरु हुन थालेको छ। परदेशिएका आफन्त घर फर्किन थालेका छन् भने बजारमा किनमेलको चटारो बढेको छ।

घरघरमा सरसफाइ, देउसीभैलो र दाजुभाइ-दिदीबहिनीबीचको भेटघाटको तयारी भइरहेको छ। तर, बाँकेको कोहलपुरमा छ महिनादेखि होल्डिङ सेन्टरमा बस्दै आएका सुकुम्बासी परिवारका लागि भने चाडपर्वको खुसीभन्दा घरबासको चिन्ताले सताएको छ। न बस्ने गतिलो ठाउँ छ, न परिवारसँग रमाएर चाडपर्व मनाउने वातावरण उनीहरूका लागि यस बर्षको दसैँ अभाव र पीडामै बित्यो भने तिहार पनि त्यसरी नै बित्ने चिन्ता थपिएको छ। आफन्तसँग बसेर दशैँ मनाउने रहर पूरा नभए पनि अब तिहारमा परिवारसँग रमाउने र नयाँ आशा जगाउने उनीहरूको चाहना छ। तर, ओत लाग्ने आफ्नै घर नहुँदा त्यो चाहना पनि पूरा हुने हो कि होइन भन्ने अन्योल छ। बाँकेको कोहलपुर स्थित होल्डिङ सेन्टरमा आश्रय लिइरहेका विस्थापित परिवारका लागि चाडपर्वको समय खुसीभन्दा बढी पीडा र अनिश्चितताको समय बनेको छ।

कोहलपुर नगर विकास समितिको २८ बिघा जग्गामा लामो समयदेखि बसोबास गर्दै आएका परिवार गत वैशाखमा बस्ती हटाइएपछि विस्थापित भएका हुन्। बर्षौंदेखि बस्दै आएको घर छाड्नुपरेपछि उनीहरू अहिले अस्थायी आश्रयमा जीवन गुजारिरहेका छन्। कोहलपुर नगरपालिकाका अनुसार लगत सङ्कलनमा समेटिएका परिवारमध्ये हाल १०२ घरधुरीका विस्थापित परिवार कोहलपुर बसपार्क, नगर विकास समिति र दीपशिखा आधारभूत विद्यालयमा बनाइएका होल्डिङ सेन्टरमा बस्दै आएका छन्।

एउटै कोठामा धेरै जना कोचिएर बस्नुपर्ने बाध्यता छ। पर्याप्त ठाउँको अभावमा दैनिक घरायसी काम गर्न, बालबालिकालाई सहज वातावरणमा राख्न र परिवारका सदस्यलाई आराम गर्नसमेत कठिनाइ भइरहेको छ। लामो समयसम्म अस्थायी बसोबास गर्नुपर्दा उनीहरूको दैनिकी झन् कष्टकर बनेको छ। चाडपर्वमा घर लिपपोत गर्ने, नयाँ लुगा लगाउने र परिवारसँग बसेर मीठोमसिनो खाने रहर उनीहरूका लागि अहिले सपना जस्तै बनेको छ।

▶ बाँकी ४ पेजमा

३२ औं वार्षिक साधारणसभा सम्बन्धि सूचना

स्वावलम्बी बचत तथा ऋण सहकारी संस्था लि. वीरेन्द्रनगर ४, सुर्खेतको संचालक समितिको मिति २०८३ साल भाद्र २८ गते बसेको बैठकको निर्णय नम्बर ०२ बमोजिम संस्थाको ३२ औं चुनावी साधारणसभा आगामी मिति २०८३ साल कात्तिक १४ गते शनिबार, विहान ठिक १०:३० बजेदेखि संस्थाकै कार्यालय परिसरमा सभ्य, भव्य र विश्वसनिय रूपमा संचालन गर्ने निर्णय भएको हुदा सम्पुर्ण शेयर सदस्यज्यूहरूलाई अनिवार्य उपस्थितीका लागि सूचना मार्फत जानकारी गरिन्छ।

संस्थाले मिति २०८३ असोज ०६ गतेको लिखित पत्राचार मार्फत सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई वार्षिक साधारणसभामा उपस्थित हुन जानकारी गरीसकेको छ। यदि शेयर सदस्यज्यूहरूले जानकारी नपाउनुभएको भए यसै सुचनालाई आधार मानी उल्लेखित कार्यक्रममा सहभागीताका लागि अनुरोध छ। ३२ औं वार्षिक साधारणसभामा उपस्थितीका लागि शेयर सदस्यता खुल्ने प्रमाणपत्र (शेयर प्रमाण पत्र, पासबुक, साधारणसभा पत्र) ल्याउनु पर्नेछ।

स्वावलम्बी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
वीरेन्द्रनगर-४, कुमाईचोक सुर्खेत
सम्पर्क नम्बर : ०८३५२२३४६

HIGH QUALITY PRINTS | ON TIME DELIVERY

BHAWANI
CHHAPAKHANA
Birendranagar-12, Industrial Area Surkhet.
Phone no: 083-521615, 9858067999, 9858060615
Email: pressbhawani@gmail.com

Brochures & Catalogues | Flyers & Leaflets | Books & Notebooks | Packaging Materials | Business Cards & More

Sharp Prints | Vibrant Colors | Professional Finish



सम्पादकीय....

माथिल्लो कर्णालीमा काम देखियोस्

झन्डै दुई दशकदेखि चर्चामा रहेको नौ सय मेगावाट क्षमताको माथिल्लो कर्णाली जलविद्युत् आयोजना अझै निर्माणको सुनिश्चित चरणमा पुग्न सकेको छैन। लगानी जुटाउने, समयसीमा थप्ने र कानुनी विवाद सुल्झाउने प्रक्रियामै लामो समय बितेको आयोजना अघि बढाउन लगानी बोर्डले पछिल्लो पटक सहजीकरण गर्ने निर्णय गरेको छ। अब पनि आयोजना कागजी प्रक्रियामै सीमित रहे सरकारको निर्णय र लगानीकर्ताको प्रतिबद्धतामाथि प्रश्न उठ्नु स्वाभाविक हुनेछ। २३ असोज २०८३ मा प्रधानमन्त्री बालेन्द्र शाहको अध्यक्षतामा बसेको लगानी बोर्डको ६८औँ बैठकले आयोजना विकास सम्झौता (पीडीए) का प्रावधानअनुसार निर्माण कार्य तत्काल अघि बढाउन आवश्यक सहजीकरण गर्ने निर्णय गरेको छ। यो निर्णयले आयोजना निर्माणको आशा जगाएको छ। तर, निर्णय हुनु र निर्माण सुरु हुनु फरक कुरा हुन्। विगतको अनुभवले आश्वासनभन्दा कार्यान्वयनको विश्वसनीयता महत्त्वपूर्ण हुने देखाएको छ।

सरकारले आर्थिक वर्ष २०६४/६५ मा भारतीय कम्पनी जीएमआरसँग आयोजनाको सर्वेक्षण तथा विकासका लागि प्रारम्भिक समझदारी गरेको थियो। सुरुमा तीन सय मेगावाट क्षमताको प्रस्ताव गरिएको आयोजना पछि नौ सय मेगावाटमा विस्तार गरियो। ३ असोज २०७१ मा आयोजना विकास सम्झौता भयो। सम्झौताअनुसार दुई वर्षभित्र वित्तीय व्यवस्थापन गर्नुपर्ने भए पनि कम्पनीले निर्धारित समयमा लगानी जुटाउन सकेन। सरकारले पटकपटक म्याद थप्दा पनि आयोजना निर्माणमा जान सकेन। यसले आयोजना विकासमा प्रतिबद्धता, समयसीमा र जवाफदेहिताको महत्त्व उजागर गरेको छ। वित्तीय व्यवस्थापन र सेयर संरचनासम्बन्धी विषयमा कानुनी विवादसमेत देखियो। सर्वोच्च अदालतमा परेका रिट तथा आदेशपछि प्रक्रिया थप जटिल बन्यो। पछिल्लो वित्तीय प्रस्तावमा जीएमआरको ३४ प्रतिशत, भारतीय सरकारी कम्पनी सतलज जलविद्युत् विकास निगमको ३४ प्रतिशत, भारतीय नवीकरणीय ऊर्जा विकास एजेन्सी (आईआरईडीए) को पाँच प्रतिशत र नेपाल विद्युत् प्राधिकरणको २७ प्रतिशत सेयर रहने उल्लेख छ। ऋणसम्बन्धी प्रस्ताव र वित्तीय व्यवस्थापनका कागजात पेस हुनु सकारात्मक भए पनि लगानीको वास्तविक उपलब्धता र निर्माणको समयतालिका सुनिश्चित हुनुपर्छ।

आयोजना अघि बढे नेपाललेविद्युत् उत्पादन, राजस्व, रोयल्टी र रोजगारीका क्षेत्रमा लाभ लिन सक्छ। प्रस्तावअनुसार उत्पादित विद्युत्मध्ये नेपालका लागि एक सय आठ, बंगलादेशका लागि पाँच सय र भारतका लागि दुई सय ९२ मेगावाट छुट्याउने योजना छ। यसले क्षेत्रीय ऊर्जा व्यापारको सम्भावनासमेत देखाउँछ। अब सरकार र लगानीकर्ता दुवैले निर्णयलाई निर्माणमा रूपान्तरण गर्नुपर्छ। वित्तीय व्यवस्थापनको यथार्थ अवस्था सार्वजनिक गर्ने, स्पष्ट समयतालिका बनाउने र त्यसको नियमित अनुगमन गर्ने काम आवश्यक छ। आयोजना विकास सम्झौताका सर्त पालना भए-नभएको सुनिश्चित गर्दै कानुनी प्रक्रियाको सम्मान पनि उत्तिकै जरुरी छ। पटकपटक म्याद थपेर पनि परिणाम नआएको इतिहास दोहोरिन दिनु हुँदैन। माथिल्लो कर्णाली नेपालको जलविद्युत् सम्भावना र लगानी व्यवस्थापन क्षमताको परीक्षा बनेको छ। अब यसलाई अर्को घोषणाको विषय होइन, कार्यान्वयनको उदाहरण बनाउनुपर्छ। कर्णालीको प्राकृतिक स्रोतबाट देशले लाभ लिन पाउने कि नपाउने भन्ने प्रश्नको उत्तर भाषण र निर्णयले होइन, निर्माणस्थलमा देखिने प्रगतिले दिनेछ।

भोटेकोशी बाढी–विपद् व्यवस्थापनका लागि गम्भीर परीक्षा



श्रीराम न्यौपाने

"प्रस्तुत विचार इन्जिनियर तथा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद श्रीराम न्यौपानेसँग रासस‌का आलेख प्रमुख कृष्ण अधिकारीले गर्नुभएको कुराकानीमा आधारित"

गत भदौ १० गते भोटेकोशी र त्रिशूली नदीमा आएको विनाशकारी बाढीले रसुवा, नुवाकोट, धादिङलगायतका क्षेत्रमा ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्यायो। नेपालको मात्र नभई विश्वकै प्राकृतिक विपद्को इतिहासमा यस विपद्लाई विशिष्ट खालको अकल्पनीय र अप्रत्यासित घटनाको रुपमा लिन सकिन्छ। झण्डै १८८ किमी प्रतिघण्टाको दरमा आएको यस बाढीमा दुई करोड घनमिटर अर्थात् २० अर्ब लिटर अतिरिक्त पानीको बहाव रहेको थियो। पानीसँग आएको लेदो, ढुङ्गा, गेग्रान, चट्टानसहित आएको बाढीले ठूलो जनधन र पूर्वाधारको क्षति गरायो। बाढीपछि नदीको सतह करिब आठ मिटर माथि उठेको छ। झण्डै ९० लेखि १५० मिटर उचाइमा आएको बाढीका कारण वरपरका बस्ती, जलविद्युत् आयोजना, सडक र कृषियोग्य जमिनमा क्षति पुगेको छ। यस घटनाले हाम्रा आगामी विकास आयोजना, बस्ती विकास र पूर्वाधार निर्माणमा धेरै कुरा सिकाएको छ।

भोटेकोशीमा बाढी आएको खबर पाएपछि म आफैं पनि घटनास्थल पुगेर उद्धार कार्यमा सक्रिय रहेको थिएँ। बाढीको खबर सुन्दा एउटा प्राकृतिक विपद् आएको भन्ने मात्र लागेको थियो तर घटनास्थल पुगेपछि अवस्था निकै गम्भीर रहेछ भन्ने महसुस भयो। नदीको बहाव अत्यन्त तीव्र थियो। बाटो, पुल र विभिन्न संरचनामा क्षति पुगेको थियो। कतिपय ठाउँमा पहिलेकै भौगोलिक अवस्था पहिचान गर्नसमेत कठिन थियो। त्यसभन्दा पनि गम्भीर कुरा मानिसहरू विभिन्न जलविद्युत् आयोजनाका सुरुङ र विद्युत् गृहहरूमा फसेको अवस्था थियो। परिवारका सदस्यहरू आफ्ना मान्छेको अवस्थाबारे जानकारी पाउन आतुर थिए। यस्तो अवस्थामा जनप्रतिनिधिका रूपमा त्यहाँ उपस्थित हुनु मेरो जिम्मेवारी पनि थियो। जनप्रतिनिधि जनताको दुःखमा उपस्थित हुनुपर्छ। संसद्मा बसेर नीति निर्माण गर्नु हाम्रो एउटा जिम्मेवारी हो तर जब जनता सङ्कटमा हुन्छन्, त्यतिबेला उनीहरूको बीचमा पुग्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ। जहाँ आफ्नो ज्ञान, क्षमता वा पहुँचबाट सहयोग गर्न सकिन्छ, त्यहाँ सक्रिय हुनु आवश्यक छ। तर जनप्रतिनिधिले उद्धारकर्मीको काम खोस्ने होइन। सम्बन्धित सुरक्षा निकाय, प्राविधिक र विज्ञसँग समन्वय गरेर आफ्नो भूमिका निर्वाह गर्नुपर्छ।

विशेषगरी, जलविद्युत् आयोजनाका सुरुङमा मानिसहरू फसेको जानकारी आएपछि मैले यसलाई सामान्य राहतको विषयका रूपमा लिन सकिनँ। म आफैं इन्जिनियर भएकाले सुरुङ निर्माण र त्यसको संरचनाबारे केही अनुभव थियो। त्यसैले आफ्नो ज्ञान र अनुभव उद्धारमा उपयोग गर्न सकिन्छ भने किन पछि हट्ने भन्ने लाग्यो। घटनास्थलमा पुगेपछि अवस्था कल्पना गरेभन्दा निकै कठिन रहेछ भन्ने बुझियो। बाढीले केही संरचना नै देखिन छाड्ने गरी क्षति पुऱ्याएको थियो। त्यसपछि उपलब्ध नक्सा, संरचनाको अवस्था, पानीको बहाव र सम्भावित पहुँच मार्गको अध्ययन गरेर उद्धारका विकल्पबारे सोच्नुपऱ्यो। उद्धारमा संलग्न सबैको एउटै उद्देश्य थियो– भित्र फसेका मानिसलाई सकुशल बाहिर निकाल्नु। यसमा सुरक्षाकर्मी, प्राविधिक र स्थानीय सर्वसाधारणले पुऱ्याएको योगदान अविस्मरणीय छ।

सुरुङभित्र मानिसहरू फसेको घटना अत्यन्त संवेदनशील अवस्था थियो। बाहिरबाट हेर्दा एउटा संरचना क्षतिग्रस्त भएको जस्तो देखिए पनि त्यसको भित्र मानिसको जीवन जोडिएको हुन्छ। हामीले सुरुङभित्र कति मानिस छन्, उनीहरू कुन स्थानमा हुन सक्छन्, पानीको अवस्था कस्तो छ, अक्सिजनको अवस्था के छ भन्ने विषयमा एक-एक कुरा विचार गर्नुपर्थ्यो। हामीले सुरुङको अवस्था, पानीको स्तर, सम्भावित अवरोध, मानिसहरू हुनसक्ने स्थान र त्यहाँसम्म पुग्ने सम्भावित बाटोबारे सोच्नुपऱ्यो। त्यहाँ काम गर्ने कर्मचारी र उनीहरूका परिवारका सदस्यहरूको अवस्था सम्झिँदा झन् दबाब महसुस हुन्थ्यो। उद्धारमा संलग्न व्यक्तिले भावनामा बगेर होइन, तथ्य र प्राविधिक आधारमा निर्णय गर्नुपर्ने हुन्छ। तर त्यसका साथमा हरेक मिनेटको महत्व पनि उत्तिकै थियो। भावनात्मक रूपमा हामी सबै उद्धार गर्न चाहन्थ्यौं, तर प्राविधिक रूपमा सुरक्षित बाटो पहिचान नगरी अघि बढ्नु अर्को जोखिम निम्त्याउनु हुन्थ्यो।

उद्धार कार्यमा पहिलो चुनौती नै घटनास्थलसम्म सुरक्षित रूपमा पहुँच बनाउनु थियो। बाढीपछि बाटो, पुल, विद्युत् तथा सञ्चार संरचनामा समेत असर परेको थियो। अर्को चुनौती सुरुङको वास्तविक अवस्था पत्ता लगाउनु थियो। सुरुङ कहाँबाट अवरुद्ध भएको छ, पानी कति छ, भित्र हावा र अक्सिजनको अवस्था कस्तो छ भन्ने कुरा बाहिरबाट अनुमान गर्न सजिलो हुँदैन। त्यसैले हामीले उपलब्ध नक्सा, प्राविधिक उपकरण र उद्धार टोलीको अनुभवलाई जोडेर काम गर्नुपऱ्यो। त्रिशूली-३ 'ए' को सुरुङको मुख पहिचान गर्नसमेत निकै मेहनत गर्नुपरेको थियो। त्यसका लागि ड्रिलिङलगायतका काम गरेर सुरुङको अवस्थाबारे जानकारी लिने प्रयास गरिएको थियो। पछि सुरुङभित्रबाट मानिसको आवाज सुनिएको जानकारी आउँदा त्यो उद्धार टोलीका लागि निकै आशाजनक सङ्केत बनेको थियो।

सुरुङ, संरचना र भूगोलसँग सम्बन्धित प्राविधिक पक्ष बुझ्न मेरो इन्जिनियरिङ अनुभवले केही सहयोग गऱ्यो। सुरुङ भनेको सामान्य संरचना होइन। त्यसको डिजाइन, भौगोलिक अवस्था, हावा जाने प्रणाली, पानीको निकास, आपत्कालीन पहुँचलगायतका विषय बुझ्नुपर्छ। सुरुङको नक्सा, संरचनाको अवस्था र सम्भावित पहुँचबारे छलफल गर्दा प्राविधिक दृष्टिकोण राख्न सक्ने अवस्था थियो। मैले विगतमा सुरुङ निर्माणसँग सम्बन्धित काम गरेको अनुभव पनि भएकाले उपलब्ध नक्सा र संरचनालाई हेरेर सम्भावित विकल्पबारे सुझाव दिन सक्ने अवस्था थियो तर उद्धार एक्लै कसैले गर्ने काम होइन। नेपाली सेना, सशस्त्र प्रहरी, स्थानीय प्राविधिक, आयोजनाका कर्मचारी तथा अन्य सम्बन्धित निकायको समन्वय अत्यन्त महत्वपूर्ण थियो। मेरो भूमिका जहाँ प्राविधिक ज्ञान आवश्यक पर्छ, त्यहाँ सहयोग गर्ने र सम्भव भएसम्म समाधान खोज्ने थियो। उद्धार कुनै एक व्यक्तिको प्रयासले सम्भव हुँदैन। नेपाली सेना, सशस्त्र प्रहरी, स्थानीय उद्धार टोली, आयोजनाका प्राविधिक र कर्मचारी सबैको समन्वय आवश्यक हुन्छ। खासगरी जलविद्युत् आयोजनाहरू नदी किनारमा नै निर्माण गरिने हुँदा बाढी, पहिरोजस्ता प्राकृतिक विपद् बाट प्रत्यक्ष प्रभावित हुने गर्दछन्। यसो भन्दैमा नेपालले जलविद्युत् विकासबाट पछि हट्नु हुँदैन तर अब विकासको शैली भने बदल्नुपर्छ। जोखिमलाई आयोजनाको डिजाइनमै समेट्नुपर्छ। नदीको व्यवहार, भूगोल, जलवायु परिवर्तनका प्रभाव र सम्भावित चरम बाढीलाई ध्यानमा राखेर पूर्वाधार निर्माण गर्नुपर्छ।

भोटेकोशीको घटनाले हामीलाई विकास रोक्ने होइन, अझ सुरक्षित र आधुनिक ढंगले विकास गर्नुपर्ने पाठ दिएको छ। जलविद्युत् हाम्रो ठूलो सम्भावना हो, तर त्यससँग जोडिएका जोखिमलाई बेवास्ता गरेर अघि बढ्न सकिँदैन। यस विपद्बाट प्रभावित भएका सबै नै जलविद्युत् आयोजनाहरू पुनः सञ्चालनमा आउँछन्। केही आयोजनाहरूको बाँधमा क्षति पुगेको छ भने केहीको सुरुङ, केहीको विद्युत् गृहमा समस्या आएको छ। लाङटाङ र चिलिमेको विद्युत् गृहमा क्षति पुगेको छ। बाँधलाई कसरी मजबुद राख्ने भन्ने मुख्य चुनौती देखिन्छ।

जलविद्युत् आयोजनाहरू निर्माण गर्दा जोखिमलाई बेवास्ता गर्न पनि हुँदैन। मेरो अनुभवमा अब सुरुङ निर्माण मापदण्ड नै बनाएर कार्यान्वयन गर्नुपर्छ। सकेसम्म जलविद्युत् आयोजनाहरूको संरचना भूमिगत नै बनाउनुपर्छ। विद्युत् गृहको माथिल्लो भागमा छुट्टै बङ्कर बनाएर सुरक्षित स्थान बनाउन सकिन्छ। आत्पकालीन अवस्थामा खाद्यान्न र सञ्चार प्रणालीको निर्माण गर्नुपर्ने देखिन्छ। उद्धारका लागि आपत्कालीन मेशिन उपकरणलाई तयारी अवस्थामा राख्नुपर्ने यस घटनाले महसुस गरायो। यस्ता उपकरणहरू विभिन्न आयोजनाहरूले सामूहिक रुपमा पनि गर्न सकिन्छ। मुख्य कुरा जलविद्युत् आयोजनाको बाँध वा अन्य संरचनाहरू निर्माण गर्दा भूकम्प, बाढी पहिरोजस्ता विपद्बाट सुरक्षित हुने गरी ध्यान दिनुपर्ने हुन्छ। अब आयोजनाको डिजाइनदेखि निर्माणसम्म सम्भावित चरम बाढी, भूगोल, जलवायु परिवर्तन र वातावरणीय जोखिमलाई गम्भीरतापूर्वक समेट्नुपर्छ। विकास रोक्नु समाधान होइन। सुरक्षित, दिगो र जोखिम न्यूनीकरणलाई केन्द्रमा राखेर विकास गर्नु समाधान हो।

भोटेकोशीको बाढी केवल एउटा प्राकृतिक विपद्को घटना होइन; यो नेपालको विपद् व्यवस्थापन प्रणालीका लागि एउटा गम्भीर परीक्षा पनि हो। सबैभन्दा ठूलो पाठ भनेको विपद् आउनुअघि नै तयारी गर्नुपर्छ भन्ने हो। विपद् आएपछि मात्र उद्धारको योजना बनाउने होइन, जोखिमको पूर्वानुमान, पूर्वसूचना प्रणाली, आपत्कालीन पहुँचमार्ग, सञ्चार प्रणाली र उद्धार उपकरण पहिले नै तयार हुनुपर्छ। विशेषगरी नदीको माथिल्लो क्षेत्रमा असामान्य पानीको बहाव वा बाढीको अवस्था देखिएमा तल्लो क्षेत्रमा तत्काल सूचना पुग्ने प्रणाली विकास गर्नुपर्छ। यसले मानवीय क्षति धेरै कम गर्न सक्छ। बाढीपछि मैले पनि मानवीय क्षति सकेसम्म शून्य बनाउने दिशामा पूर्वसूचना प्रणाली आवश्यक रहेको विषयमा जोड दिएको छु। नदीको गर्जन र सुरुङभित्रको अन्धकारबीच उद्धारकर्मीहरूले गरेको प्रयासले एउटा कुरा स्पष्ट पार्छ–विपद्को समयमा प्रविधि, दक्ष जनशक्ति र मानवीय संवेदनाको संयोजन अत्यावश्यक हुन्छ। हामी अझै पनि विपद् आएपछि सक्रिय हुने शैलीमा छौं। अब यो प्रणाली बदल्नुपर्छ। विपद् आउनुअघि जोखिम पहिचान, पूर्वसूचना, सुरक्षित स्थान, उद्धार उपकरण, सञ्चार प्रणाली र दक्ष जनशक्ति तयार हुनुपर्छ। विशेषगरी नदी तथा जलविद्युत् आयोजनाको क्षेत्रमा पूर्वसूचना प्रणाली अत्यन्त महत्वपूर्ण छ। माथिल्लो क्षेत्रमा असामान्य पानीको बहाव देखिएमा तलका बस्ती र आयोजनासम्म तत्काल सूचना पुग्ने व्यवस्था हुनुपर्छ।

यो विपद्ले धेरै परिवारलाई ठूलो पीडा दिएको छ। आफ्नो परिवारको सदस्य गुमाउनु वा बेपत्ता हुनुको पीडा शब्दले व्यक्त गर्न सकिँदैन। बेपत्ता भएका व्यक्तिका परिवारका लागि हरेक दिन कति पीडादायी हुन्छ भन्ने हामीले बुझ्नुपर्छ। अब राहत र उद्धारसँगै पुनःस्थापना र पुनर्निर्माणलाई पनि प्राथमिकता दिनुपर्छ। क्षतिग्रस्त संरचना बनाउँदा पहिलेको जस्तै बनाउने होइन, भविष्यको जोखिमलाई ध्यानमा राखेर अझ सुरक्षित बनाउनुपर्छ। भोटेकोशीले हामीलाई एउटा कठोर शिक्षा दिएको छ–विपद् रोक्न नसकिए पनि त्यसबाट हुने क्षति भने पूर्वतयारी, प्रविधि र प्रभावकारी समन्वयमार्फत धेरै हदसम्म घटाउन सकिन्छ। अब हाम्रो ध्यान त्यही दिशामा हुनुपर्छ। उद्धारपछि पनि सरकार र सम्बन्धित निकायको जिम्मेवारी सकिँदैन।

राहत, पुनःस्थापना र पुनर्निर्माणलाई पनि उत्तिकै प्राथमिकता दिनुपर्छ। क्षतिग्रस्त संरचना जस्ताको तस्तै बनाउनेभन्दा भविष्यमा त्यस्तै विपद् आउँदा कम क्षति हुने गरी पुनर्निर्माण गर्नुपर्छ। सरकारले यस घटनालाई उच्च प्राथमिकतामा राख्नुको साथै, अन्तराष्ट्रिय समुदायको ध्यानाकर्षण गराएको छ। प्रधानमन्त्री बालेन शाहले संयुक्त राष्ट्रसङ्घीय, महासभामा दिनुभएको मन्तव्यले विश्वका धेरै देश नेपालमा सहयोग गर्न उत्प्रेरित भएका छन्। फलस्वरुप संयुक्त राष्ट्र संघीय जलवायु परिवर्तनसम्बन्धी हानि-नोक्सानी कोषले भोटेकोशी-त्रिशूली क्षेत्रमा आएको बाढीपीडितहरूको राहत, पुनर्स्थापना र पुनर्निर्माणका लागि नेपाललाई २० मिलियन अमेरिकी डलर (करिब तीन अर्ब रुपैयाँ) सहयोग गर्ने निर्णय गरेको छ।

विश्व

अमेरिकासँगको सम्झौतापछि रुसमा डिजेल उत्पादनमा वृद्धि

अमेरिका,१० कात्तिक ।

मस्को – अमेरिकी सरकारसँग भएको आपूर्ति सम्झौतापछि रुसी कम्पनीहरुले डिजेल उत्पादनलाई वृद्धि गरेका छन्। दुई औद्योगिक स्रोतलाई उद्धृत गर्दै रोयटर्सले यस विषयको खुलासा गरेको हो।

रुसले यसअघि घरेलु बजारलाई ध्यानमा राखेर डिजेलको निर्यातमा कडाई गरेको थियो। तर, अमेरिकामा बेच्न पाउने भएपछि उद्योगहरुलाई निर्यातका लागि निश्चित कोटा तोकिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अक्टोबर ९ मा रुसबाट अमेरिका तथा विश्व बजारमा डिजेल आपूर्ति हुने बताएका थिए।

अमेरिकाले त्यसअघि लगाएको रुसमाथिको इन्धन प्रतिबन्धलाई अस्थायी रुपमा हटाइएको घोषणा उनले गरेका थिए। रुसले यस सहमतिको पुष्टि गर्दै अमेरिकी बजारका लागि आवश्यक इन्धन आपुर्ति गर्ने बताएका थियो। ट्रम्पका अनुसार रुसले ३ लाख मेट्रिक टन (करिब २२ लाख ५० हजार ब्यारेल) डिजेल तत्काल उपलब्ध गराउनेछ। त्यसपछि नोभेम्बरमा थप ५ लाख टन र लगत्तै १० लाख टन डिजेल अमेरिकामा आपूर्ति गरिनेछ। रिफाइनरीको अवस्था हेरेर रुसले भविष्यमा थप ३० लाख टन इन्धन दिन सक्ने ट्रम्पको भनाइ छ।रुसको औद्योगिक स्रोतका अनुसार रुसमा डिजेल उत्पादन सेप्टेम्बरमा प्रतिदिन १ लाख ७५ हजार टन रहेकोमा अक्टोबरको पहिलो आधामा घटेर प्रतिदिन १ लाख ६० हजार टनमा सीमित भएको थियो। तर, नयाँ सम्झौतासँगै अक्टोबरको मध्यतिर उत्पादन पुनः बढेर प्रतिदिन १ लाख ८० हजार टन पुगेको छ। खाद्यान्न बाली भित्र्याउने सिजन समाप्ती र मौसमी कारणले अक्टुबरमा रुसको घरेलु बजारमा डिजेलको खपत कम हुने गर्छ।

हुथीलाई साउदीको एक अर्ब डलर प्रस्ताव

तेहरान – साउदी अरेबियाले यमनका हुथी विद्रोहीसँग युद्धविराम कायम गर्न र आफ्नो देशमाथिका आक्रमण रोक्न इरानको मध्यस्थतामा भएको वार्ताका क्रममा एक अर्ब अमेरिकी डलर दिने प्रस्ताव गरेको इजरायली सञ्चारमाध्यमले जनाएका छन्। यद्यपि, रकम हस्तान्तरण भएको पुष्टि भएको छैन।

रिपोर्टअनुसार साउदी रक्षामन्त्री राजकुमार खालिद बिन सलमान हुथीहरूसँग युद्धविरामबारे वार्ता गर्न तेहरान पुगेका थिए। एक कूटनीतिक स्रोतले उनी चढेको हर्क्युलस सैन्य विमानमा रकमसमेत ल्याइएको दाबी गरे पनि साउदी अधिकारीले यसको पुष्टि गरेका छैनन्। वार्तामा टर्कीका गुप्तचर प्रमुख इब्राहिम कालिन, पाकिस्तानी सेना प्रमुख फिल्ड मार्शल असीम मुनीर तथा इरानका राष्ट्रपति मसुद पेजेस्कियानसहित वरिष्ठ अधिकारीहरू सहभागी रहेको बताइएको छ।

साउदी विमानस्थल र तेलसम्बन्धी संरचनामाथि बढ्दो आक्रमणले आर्थिक क्षति पुऱ्याइरहेका बेला इरानले साउदी अरेबिया र हुथीहरूबीच मध्यस्थता गर्ने प्रस्ताव गरेको हो। हर्मुज जलमार्गमा ट्याङ्करमाथि भएका इरानी आक्रमणले खाडी क्षेत्रबाट हुने तेल निर्यातसमेत प्रभावित भएको रिपोर्टमा उल्लेख छ।साउदी विदेश मन्त्रालयले आफ्नो रक्षामन्त्री तथा मक्का संयुक्त रक्षा गठबन्धनका प्रतिनिधिहरूको तेहरान भ्रमण तनाव घटाउने, संवाद र कूटनीतिक समाधानलाई प्रोत्साहन गर्ने तथा कतार र पाकिस्तानको मध्यस्थता प्रयासलाई समर्थन गर्ने उद्देश्यले भएको जनाएको छ।

महत्वपूर्ण टेलिफोन नम्बर

एम्बुलेन्स

एम्बुलेन्स (नेपाल रेडक्रस)	: ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी)	: ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति)	: ९८२२४११५८६
शव वाहन	: ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय	: १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय	: ०८३-५२५४९६
विद्यूत फ्यूज सेवा	:०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन	: १०९८
विमान स्थल	
सुर्खेत	: ०८३-५२१९४५/५२५२१९
जुम्ला	: ०८७-५२०१९०
मुगु ताल्चा :	
हुम्ला	: ०८७-६८००८०
डोल्पा	: ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम)	: ०८८-४०१०४८
नेपालगन्ज	: ०८१-५६५२०५
दमकल	
वीरेन्द्रनगर न.पा. :	: १०१
भेरीगंगा न.पा.	: ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा.	: ०८९-४१०२०१
अस्पताल	
दैलेख जिल्ला अस्पताल	: ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत	: ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि.	: ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि.	: ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम)	: ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम)	: ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ)	: ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था)	: ९८६८११६०५२
जाजरकोट अपस्ताल	: ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा	: ०८७-५५०१११
जिल्ला अस्पताल मुगु	: ०८७-४६०१६२

आजको राशिफल

मेष

सकारात्मक ऊर्जाले भरिपूर्ण रहनु हुनेछ। कार्यक्षेत्रमा नयाँ अवसर को खोजमा हुनुहुन्थ्यो भने सफलता मिल्नेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ।

तुला

पारिवारिक योजनाहरूबाट लाभ मिल्ने आशा रहेको छ। राजकीय मामिलाहरु सुल्झिनेछन्। भावनात्मक सम्बन्धमा चलिरहेको मनमुटाव सुल्झिनेछ।

वृष

मेहनतले सकारात्मक परिणाम मिल्नेछ। विवादास्पद मामलाहरूबाट टाढा रहनुहोस्। सानोतिनो कुरालाई वेबास्था गरेर अगाडि बढ्नुहोस्।

वृश्चिक

नयाँ कार्यको थालनीको लागि समय उपयुक्त रहेको छ। व्यर्थको वादविवादले परिवारमा असन्तोषको भावना जागृत हुनेछ।

मिथुन

कार्यक्षेत्रमा आत्मविश्वास बढ्नेछ। आफन्तहरूसँग भेटघाटले मन प्रसन्न रहनेछ। नोकरी वा पेशामा उच्च अधिकारीको साथ मिल्नेछ।

धनु

सुख सुविधामा धन खर्चका योग छन्। कठिन समयमा मित्रलाई सहयोग गरेर खुसी मिल्नेछ। सम्पत्तिलाई लिएर वादविवाद हुन सक्ला।

कर्कट

आफ्नो योग्यतालाई विचार गरेर आत्मविश्वासको साथ निर्णय लिनुहोला सफलता मिल्नेछ। कमजोरी पक्षलाई सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउने समय रहेको छ।

मकर

नयाँ कार्य प्रारम्भ गर्नुभन्दा अघि घरपरिवारमा सल्लाह अवश्य लिनुहोस्। सवारी साधनमा आकस्मिक धन खर्चका योग छन्।

सिंह

व्यापार व्यवसायमा आफ्नो बुद्धि र विवेकको प्रयोग गरेर अगाडि बढ्नुहोस्। युवाहरूलाई करियर बनाउन नयाँ अवसर मिल्नेछ।

कुम्भ

छिटो सफलताको लागि कानुन विपरीत कार्य नगर्नुहोला। कार्यको सुरुवातीमा आत्मविश्वासी बन्नुहोस्। अगाडि गरेका कार्यहरूबाट लाभ प्राप्त होला।

कन्या

प्रेम र मित्रताको बन्धन कसिनेछ। राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ। नोकरी वा पेशामा अधिकारी वर्गहरूबाट प्रशंसा पाइएला। कार्यक्षेत्रमा पिताको सहयोग मिल्नेछ।

मीन

लेखन वा सामाजिक सञ्जालको कार्य बाट लाभ मिल्नेछ। व्यापार व्यवसायमा जीवनसाथीको सहयोग मिल्नेछ। नोकरी वा पेशामा प्रभाव बढ्नेछ।

युगआह्वान राष्ट्रिय दैनिक

डिजिटल सञ्जालले बदलिँदै हुम्लीको दैनिकी

युग संवाददाता
काठमाडौँ, १० कार्तिक ।

दसैँ घटस्थापनाको दिउँसो अदानचुली गाउँपालिकाको श्रीनगरमा व्यवसायी तिलकबहादुर शाहीको पसलमा क्यूआर कोडमार्फत सरसामानको भुक्तानी गर्ने ग्राहकको बाक्लै भिड थियो । केही वर्षअघिसम्म नगदबिनाको कारोबार कल्पना गर्न पनि कठिन थियो । रकम अभाव हुँदा सामान उधारो दिने वा विश्वासकै आधारमा कारोबार चलाउने प्रचलन थियो तर अहिले स्मार्टफोन र इन्टरनेटको पहुँचले त्यही दृश्य पूर्णरूपमा बदलिएको छ ।

व्यवसायी शाहीका अनुसार डिजिटल सञ्जालले व्यापारलाई निकै सहज, सुरक्षित र पारदर्शी बनाएको छ । पहिले अधिकांश कारोबार नगद, उधारो वा कहिलेकाहीं सामान साटासाट गरेर हुन्थ्यो । उधारो रकम लिन चेक लिनुपर्थ्यो । चेकमा हस्ताक्षर नमिल्ने, विवरण फरक पर्ने वा अन्य प्राविधिक समस्याले धेरै झन्झट बेहोर्नुपर्थ्यो ।

पहिले उधारो विवरण कागजमा राखिन्थ्यो, अहिले भने मोबाइलमै नोट बनाएर सम्पूर्ण हिसाब सुरक्षित राख्न सकिन्छ । तिलबहादुरका अधिकांश ग्राहकले क्यूआर कोडबाटै भुक्तानी गर्छन् । उधारो रकम लिनुपरे पनि क्यूआर कोड मेसेन्जर वा ह्वाट्सएपमार्फत पठाइदियो भने पैसा सिधै बैंक खातामा आइपुग्छ । भुक्तानी भएको जानकारी तुरुन्तै मोबाइलमा सन्देशमार्फत प्राप्त हुन्छ । डिजिटल कारोबारले नगद बोक्नुपर्ने जोखिम घटाएको व्यवसायी र ग्राहक दुवै खुसी छन् ।

हिमाली भौगोलिक विकटताका कारण सडक पूर्वाधारको विस्तार अझै चुनौतीपूर्ण रहेको हुम्लामा डिजिटल सञ्जालले भने विकासको नयाँ ढोका खोलेको छ । हुम्ली जनजीवनमा क्यूआर भुक्तानी, मोबाइल बैंकिङ, अनलाइन कारोबार र सामाजिक सञ्जालको प्रयोग सामान्य बन्दै गएको छ । सडकको पहुँच सीमित रहे पनि इन्टरनेटको पहुँचले स्थानीयको दैनिकी, व्यापार र आर्थिक गतिविधिलाई नयाँ गति दिएको छ ।

सङ्घीयतापछि तीव्र विकास

दशकौँसम्म नेपालको सबैभन्दा दुर्गम जिल्लामध्ये एकका रूपमा परिचित हुम्ला अन्ततः २०८२ असार २२ गते खार्पुनाथ गाउँपालिका-५ स्थित चुवाखोलामा बेली पुल निर्माण भएसँगै राष्ट्रिय सडक सञ्जालसँग औपचारिक रूपमा जोडियो ।

यद्यपि हुम्लालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने योजना सन् १९९७ मा तयार भएपनि यसको निर्माण कार्य सन् २००० मा मात्र सुरु भएको थियो । कठिन हिमाली भूगोल, प्राविधिक चुनौती र राज्यको प्राथमिकताको कमी जस्ता कारण करिब २५ वर्षपछि मात्रै यो परियोजनाले आंशिक पूर्णता पायो ।

चुवाखोलामाथि बेली पुल जडान भएपछि हुम्ला राष्ट्रिय सडक सञ्जालमा जोडिने नेपालको अन्तिम जिल्ला बन्यो तर सडक पुग्नुअघि नै डिजिटल सञ्जालले भने हुम्लालाई देश र विश्वसँग जोडिसकेको थियो ।

आज हुम्लाका दुर्गम गाउँहरूमा इन्टरनेट, मोबाइल बैंकिङ, क्यूआर भुक्तानी र अनलाइन सेवाहरू सहज बन्दै गएका छन् । केही वर्षअघिसम्म सामान्य प्रशासनिक काम, बैंकिङ सेवा वा सरकारी कागजातका लागि सदरमुकाम सिमकोट वा नेपालगञ्जसम्म पुग्नुपर्ने बाध्यता थियो । अहिले त्यस्ता धेरै सेवा मोबाइल फोन र इन्टरनेटमार्फत नै उपलब्ध हुन थालेका छन् । डिजिटल क्षेत्रमा आएको रुपान्तरणले स्थानीय नागरिकको समय, श्रम र खर्च तीनै पक्षमा उल्लेखनीय बचत गरेको छ ।

आर्थिक वर्ष २०७६/७७ मा नेपाल दूरसञ्चार प्राधिकरण र वर्ल्डलिंक कम्युनिकेसन्सबीच ग्रामीण दूरसञ्चार विकास कोषअन्तर्गत सम्झौता भएपछि जिल्लामा इन्टरनेट सेवा विस्तारको नयाँ चरण सुरु भयो । यसअघि अधिकांश स्थानमा भरपर्दो मोबाइल नेटवर्कसमेत उपलब्ध थिएन ।

सम्झौताअनुसार कर्णालीका हिमाली जिल्लामा इन्टरनेट सेवा विस्तारका लागि करिब रु २० करोड ७९ लाख बराबरको परियोजना सञ्चालन गरिएको थियो । त्यसमध्ये करिब रु पाँच करोड २० लाख खर्चेर हुम्लाका सरकारी विद्यालय, स्वास्थ्य संस्था तथा स्थानीय तहका कार्यालयमा इन्टरनेट सेवा जडान गरिएको थियो । यसले सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने आधार तयार गऱ्यो ।

नेपाल टेलिकमले २०७६ सालदेखि सुरु गरेको फोरजी विस्तार परियोजनाअन्तर्गत २०८१ सालमा सिमकोटमा एफटीटीएचसहित सेवा विस्तार गरियो । यो सेवा हुम्ला राष्ट्रिय सडक सञ्जालसँग औपचारिक रूपमा जोडिनुभन्दा करिब एक वर्षअघि नै सञ्चालनमा आएको थियो । हाल जिल्लाका सातवटै स्थानीय तहमा फोरजी सेवा विस्तार भइसकेको छ ।

> *"आव २०८३/८४ का लागि हुम्लाका सातवटै स्थानीय तहले कुल रु तीन अर्ब २१ करोड ३५ लाख १४ हजार ४८२ बराबरको बजेट सार्वजनिक गरेका छन् ।"*

समुद्री सतहबाट करिब चार हजार ६०० मिटर उचाइमा रहेको दुर्गम लिमी उपत्यकासम्म फोरजी टावर स्थापना गरी मोबाइल सेवा विस्तार गरिएको छ । यसले नेपालकै विकट हिमाली बस्तीहरूमा पनि डिजिटल पहुँच सम्भव भएको सन्देश दिएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार हुम्लाको कुल ५५ हजार ३९४ जनसङ्ख्यामध्ये नियमित रूपमा इन्टरनेट प्रयोग गर्नेको संख्या ३९७ मात्र रहेको उल्लेख गरिएको थियो तर पछिल्ला केही वर्षमा स्मार्टफोनको प्रयोग, मोबाइल नेटवर्कको विस्तार, अनलाइन शिक्षा, डिजिटल बैंकिङ र सरकारी सेवाको डिजिटलीकरणसँगै इन्टरनेट प्रयोगकर्ता उल्लेखनीय रूपमा बढेका छन् । हाल हुम्लाका सबै स्थानीय तहमा मोबाइल नेटवर्क विस्तार भइसकेको छ भने विभिन्न इन्टरनेट सेवा प्रदायकहरूले पनि सेवा विस्तार गरेका छन् ।

उधारो प्रणालीमा कमी

डिजिटल पहुँच विस्तार हुनुअघि अधिकांश आर्थिक कारोबार नगद, चेक वा विश्वासका आधारमा हुने उधारो प्रणालीमै सीमित थिए । सामाजिक सुरक्षा भत्ता बुझ्न, बैंक खातामा रकम जम्मा गर्न वा झिक्न नागरिकले घण्टौं पैदल यात्रा गरेर सदरमुकामस्थित बैंक शाखासम्म पुग्नुपर्ने बाध्यता थियो । कमजोर सडक, सीमित सञ्चार सुविधा र दुर्गम भौगोलिक अवस्थाले सामान्य बैंकिङ सेवासमेत नागरिकका लागि खर्चिलो र झन्झटिलो बनाएको थियो ।

सङ्घीयता कार्यान्वयनसँगै डिजिटल पूर्वाधार विस्तार भएपछि हुम्लाको वित्तीय क्षेत्रमा उल्लेखनीय परिवर्तन देखिन थालेको छ । मोबाइल नेटवर्क र इन्टरनेट सेवाको पहुँच बढेसँगै मोबाइल बैंकिङ, क्यूआर भुक्तानी, कनेक्ट-आईपीएस, डिजिटल वालेट र अनलाइन बैंकिङ सेवाको प्रयोग तीव्र रूपमा विस्तार भएको छ ।

अहिले स्थानीय बजारमा सामान खरिद-बिक्री, विद्यालय शुल्क भुक्तानी, सरकारी राजस्व तिर्ने, लोकसेवा आयोगको आवेदन शुल्क बुझाउनेदेखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेसम्मका अधिकांश काम डिजिटल माध्यमबाट हुन थालेका छन् ।

डिजिटल प्रविधिको विस्तारले बैंकिङ सेवालाई नागरिकको घरदैलोमै पुऱ्याएको अनुभव बैंकिङ क्षेत्रका प्रतिनिधिहरू सुनाउँछन् । अहिले अधिकांश नागरिकको बैंक खाता छ, धेरैले मोबाइल बैंकिङ प्रयोग गर्छन्, व्यापारीले व्यवसायिक बैंक खाता खोलेर कारोबार गरिरहेका छन्, गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता बैंक खातामार्फत वितरण गर्न थालेपछि बैंकिङ प्रणालीप्रतिको पहुँच र विश्वास दुवै बढेको छ । ग्राहकले घरमै बसेर मोबाइल एप प्रयोग गरी बैंक खाता खोल्ने, डिम्याट तथा 'मेरो सेयर' खाता खोल्ने र आवश्यक प्रक्रिया पूरा गर्न सक्ने अवस्था बनेको छ ।

डिजिटल पहुँच विस्तारसँगै शाखारहित बैंकिङ सेवाले पनि ग्राहकलाई सहजता दिएको छ । दुर्गम भौगोलिक अवस्थाका कारण बैंक शाखा स्थापना गर्न कठिन हुने हुम्लाजस्ता जिल्लामा यस्ता सेवा केन्द्रले गाउँस्तरमै खाता खोल्ने, रकम जम्मा-झिक्ने तथा आधारभूत बैंकिङ सेवा उपलब्ध गराइरहेका छन् ।

शिक्षा र स्वास्थ्यमा डिजिटल फड्को

हुम्लामा केही वर्षअघिसम्म शिक्षा र स्वास्थ्य सेवा भौगोलिक विकटताका कारण अत्यन्तै चुनौतीपूर्ण मानिन्थ्यो । विद्यालयमा समयमै पाठ्यपुस्तक पुग्दैनथे, शिक्षक र विद्यार्थी सीमित शैक्षिक सामग्रीमै निर्भर रहन्थे ।

विशेषज्ञ चिकित्सकको अभावले सामान्य उपचारका लागि पनि सर्वसाधारणले नेपालगञ्ज, सुर्खेत वा काठमाडौंसम्म यात्रा गर्नुपर्ने अवस्था थियो तर पछिल्ला केही वर्षमा डिजिटल सञ्जालको विस्तारसँगै यी दुवै क्षेत्रमा उल्लेखनीय परिवर्तन देखिन थालेको छ ।

विश्वव्यापी कोभिड-१९ महामारीका बेला विद्यालयहरू लामो समय बन्द हुँदा परम्परागत शिक्षण प्रणाली अवरुद्ध भयो । त्यही समयमा इन्टरनेट पहुँच भएका विद्यालय र शिक्षकहरूले पहिलोपटक जुम गुगल मिटलगायतका डिजिटल प्लेटफर्ममार्फत वैकल्पिक कक्षा सञ्चालन गर्न थाले । यसअघि कल्पनासमेत नगरिएको अनलाइन शिक्षण अभ्यासले विद्यार्थी र शिक्षकलाई नयाँ सिकाइ संस्कृतिसँग परिचित गरायो ।

महामारीपछि पनि डिजिटल प्रविधिको प्रयोग निरन्तर विस्तार हुँदै गएको छ । अहिले शिक्षक र विद्यार्थी अध्ययन-अध्यापनका लागि च्याटजीपीटी क्लाउड एआई, गुगल जेमिनी लगायत कृत्रिम बुद्धिमत्तामा आधारित डिजिटल उपकरणको प्रयोग गर्न थालेका छन् ।

अध्ययन सामग्री खोज्ने, पाठ योजना तयार गर्ने, प्रस्तुतीकरण बनाउने तथा गृहकार्यका लागि आवश्यक सन्दर्भसामग्री सङ्कलन गर्ने कार्य पहिलेको तुलनामा धेरै सहज बनेको छ । विद्यार्थीले लोकसेवा आयोग, छात्रवृत्ति तथा अन्य शैक्षिक आवेदनहरू अनलाइनमार्फत भर्न थालेका छन् ।

पहिले सामान्य आवेदन दिन पनि जिल्ला सदरमुकाम पुग्नुपर्ने, समय र खर्च व्यहोर्नुपर्ने बाध्यता थियो । अहिले अधिकांश सेवा डिजिटल माध्यमबाट उपलब्ध हुन थालेपछि विद्यार्थीको समय र आर्थिक भार दुवै घटेको छ ।

केही वर्षअघिसम्म शिक्षकहरूले तलब बुझ्न, सञ्चय कोष तथा नागरिक लगानी कोषसम्बन्धी प्रक्रिया पूरा गर्न जिल्ला सदरमुकामस्थित बैंकसम्म पुग्नुपर्ने अवस्था थियो । अहिले तलब-भत्ता सिधै बैंक खातामा जम्मा हुने व्यवस्था भएपछि ती झन्झट हटेका छन् । पहिले विद्यार्थीको सम्पूर्ण विवरण हस्तलिखित रजिस्टरमा राखिन्थ्यो, लाब्धांकपत्र, परिचयपत्रलगायत सबै कागजी प्रक्रियाबाट तयार हुन्थे ।

अहिले ईएमआईएस प्रणालीमार्फत विद्यार्थीको अभिलेख व्यवस्थापन, विवरण अद्यावधिक तथा प्रतिवेदन तयार गर्न सहज भएको छ । बालशिक्षाका विद्यार्थीका लागि स्मार्ट बोर्ड प्रयोग गरेर भिडियो सामग्रीमार्फत शिक्षण गरिन्छ ।

टेलिमेडिसिनबाट बिरामी चेकजाँच

भौगोलिक रूपमा विकट हुम्लामा विशेषज्ञ चिकित्सकको अभाव त हुने नै भयो । सामान्य उपचारका लागि समेत बिरामीले दिनौंको यात्रा गर्नुपर्ने अवस्था थियो । जटिल रोगको उपचारका लागि सुर्खेत, नेपालगञ्ज वा काठमाडौं पुग्नुपर्ने बाध्यताले धेरै परिवार आर्थिक र मानसिक रूपमा प्रभावित हुने गरेका थिए ।

अहिले जिल्ला अस्पताल हुम्लाबाट विशेषज्ञ चिकित्सकसहितको टेलिमेडिसिन सेवा सञ्चालन भइरहेको छ । यसले जिल्लामै बसेर विशेषज्ञ चिकित्सकको परामर्श प्राप्त गर्ने अवसर सिर्जना गरेको छ ।

विशेषज्ञ चिकित्सकसहितको टेलिमेडिसिन सेवा जिल्ला अस्पतालमा उपलब्ध भए पनि अन्य स्वास्थ्य संस्थाले टेलिफोन र भिडियो कलमार्फत चिकित्सकीय परामर्श प्रदान गरिरहेका छन् । विशेषज्ञ चिकित्सक तत्काल उपलब्ध नभएका अवस्थामा पनि डिजिटल माध्यमबाट चिकित्सकसँग परामर्श लिन सकिने व्यवस्था भएकाले बिरामीले छिटो उपचार सेवा पाउन थालेका छन् ।

फेरियो सेवाप्रवाह शैली

सङ्घीयताअघि नागरिकता सिफारिस, जन्मदर्ता, मृत्युदर्ता, विवाह दर्ता, बसाइँसराइ, सामाजिक सुरक्षा भत्ता तथा अन्य प्रशासनिक सेवाका लागि सेवाग्राहीले दिनौं लगाएर जिल्ला सदरमुकाम पुग्नुपर्ने अवस्था थियो । अहिले यस्ता अधिकांश सेवा स्थानीय तहका वडा कार्यालयबाटै डिजिटल प्रणालीमार्फत उपलब्ध हुन थालेका छन् । सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीमा पनि डिजिटल प्रविधिको प्रयोग प्रभावकारी बनेको छ । लाभग्राहीको विवरण डिजिटल प्रणालीमा अद्यावधिक गरी रकम सिधै बैंक खातामा पठाउने व्यवस्था भएपछि भुक्तानी प्रक्रिया थप पारदर्शी बनेको छ ।

व्यक्तिगत घटना दर्ता पनि अब पूर्ण डिजिटल अभिलेखीकरण गरिएको छ । यसले अभिलेख हराउने, दोहोरिने वा विवरण खोज्न कठिन हुने समस्या हटाएको छ । छत्यालका अनुसार गाउँपालिका तथा वडा कार्यालयका सूचना अहिले सामाजिक सञ्जाल र डिजिटल माध्यममार्फत सार्वजनिक गरिने भएकाले नागरिकको सूचना पहुँच बढेको छ । अहिले अधिकांश सेवा वडा कार्यालयबाटै उपलब्ध हुन थालेपछि नागरिकको समय र खर्च दुवै बचत भएको छ । पहिले एउटा सिफारिस बनाउन पनि सदरमुकाम पुग्नुपर्थ्यो । अहिले आवश्यक विवरण कम्प्युटरमै उपलब्ध हुन्छ, धेरै कागजात बोकेर हिँड्नुपर्ने झन्झट हटेको छ ।

'डिजिटल कर्णाली' को अवधारणादेखि स्मार्ट सिटीसम्म

'डिजिटल कर्णाली', ई-गभर्नेन्स, डिजिटल शिक्षा तथा स्मार्ट सिटीजस्ता कार्यक्रममार्फत कर्णाली प्रदेशलाई प्रविधिमैत्री बनाउने नीति अवलम्बन गरिए पनि यसको प्रभाव हुम्लामा अपेक्षाअनुसार पुग्न भने अझै बाँकी रहेको देखिन्छ ।

प्रदेश सरकारले हरेक आर्थिक वर्ष सूचना तथा सञ्चार प्रविधिसम्बन्धी कार्यक्रमका लागि बजेट विनियोजन गर्दै आएको छ । यद्यपि अधिकांश बजेट शिक्षा, सामान्य प्रशासन वा भौतिक पूर्वाधार जस्ता व्यापक शीर्षकभित्र समेटिएकाले डिजिटल पूर्वाधारका लागि गरिएको वास्तविक लगानीको स्पष्ट चित्र प्राप्त गर्न कठिन छ ।

प्रदेश सरकारले २०७४ पुसमा कर्णालीलाई पूर्ण डिजिटल प्रदेश बनाउने निर्णय गर्दै तत्कालीन उपसचिव भक्तबहादुर कार्कीको संयोजकत्वमा आठ सदस्यीय अध्ययन समिति गठन गरेको थियो । समितिले २०७४ चैतमा प्रतिवेदन बुझाएको थियो ।

आव २०७५/७६ देखि 'डिजिटल कर्णाली' प्रदेश सरकारको प्रमुख नीतिगत प्राथमिकतामध्ये एकका रूपमा समावेश भए पनि अझै यसको विस्तृत गुरुयोजना अन्तिम रूप लिन सकेको छैन । डिजिटल क्षेत्रमा पहिलोपटक स्पष्ट बजेट शीर्षक आव २०८१/८२ मा देखिन्छ । यस वर्ष 'मुख्यमन्त्री डिजिटल शिक्षा कार्यक्रम' का लागि रु १० करोड विनियोजन गरिएको थियो । त्यसपछि आव २०८२/८३ मा 'मुख्यमन्त्री डिजिटल शिक्षा तथा नमूना विद्यालय कार्यक्रम' का लागि रु १४ करोड बजेट विनियोजन गरियो ।

डिजिट्लाइजेसनमा स्थानीय सरकार

हुम्लाका स्थानीय तहहरूले पनि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्राथमिकतामा राख्न थालेका छन् । डिजिटल सञ्जालको पहुँच विस्तार भएपछि स्थानीय तहहरूले अनलाइन अभिलेख व्यवस्थापन, डिजिटल घटना दर्ता, सामाजिक सुरक्षा भत्ता वितरण, राजस्व व्यवस्थापन तथा सूचना प्रवाहलाई क्रमशः डिजिटल प्रणालीमा रूपान्तरण गरेका छन् । पछिल्लो समय खार्पुनाथ गाउँपालिकाले 'स्मार्ट गाउँपालिका' अवधारणा अघि सार्दै हुम्लामै डिजिटल रूपान्तरणको नयाँ अभ्यास सुरु गरेको छ ।

आव २०८३/८४ का लागि हुम्लाका सातवटै स्थानीय तहले कुल रु तीन अर्ब २१ करोड ३५ लाख १४ हजार ४८२ बराबरको बजेट सार्वजनिक गरेका छन् । अधिकांश स्थानीय तहले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार तथा सुशासनलाई प्राथमिकतामा राखेका छन् भने खार्पुनाथ गाउँपालिकाले पहिलोपटक 'स्मार्ट गाउँपालिका' कार्यक्रमलाई बजेटमै समावेश गरेको छ ।

कर्णाली प्रदेश सरकारको विशेष अनुदानअन्तर्गत सञ्चालन हुन लागेको यो कार्यक्रम जिल्लामै पहिलो व्यवस्थित डिजिटल स्थानीय शासनको अभ्यासका रूपमा हेरिएको छ । गाउँपालिकाले चालु आवमा कार्यक्रमका लागि रु २४ लाख १९ हजार विनियोजन गरेको छ भने बाँकी रकम कर्णाली प्रदेश सरकारको विशेष अनुदानबाट व्यवस्थापन गरिने जनाइएको छ ।

यसका लागि सात वटा स्मार्ट इन्टरएक्टिभ बोर्ड खरिदका लागि रु १६ लाख ५० हजार, विद्यालय तथा सार्वजनिक संस्थामा जडान गरिने सीसीटिभी प्रणालीका लागि रु तीन लाख ७५ हजार, वायरलेस इन्टरनेट सेवा विस्तारका लागि रु तीन लाख, ई-लर्निङ सफ्टवेयर सदस्यताका लागि रु ५० हजार तथा डाटा भण्डारणका लागि सर्भर खरिदमा रु ३५ हजार विनियोजन गरिएको छ । परियोजनाको प्रारम्भिक लागत रु २४ लाख १९ हजार ७२५ रहेको छ ।गाउँमा डिजिटल पूर्वाधार विस्तारले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा स्थानीय शासनलाई आधुनिक बनाउनुका साथै विपद् व्यवस्थापन, सूचना आदान-प्रदान तथा स्थानीय उत्पादनलाई डिजिटल बजारसँग जोड्न पनि सहयोग पुगेको छ ।हुम्लाका सातवटै स्थानीय तह र कर्णाली प्रदेश सरकारले स्थानीय आवश्यकता र भौगोलिक अवस्थाअनुसार डिजिट् लाइजेशनलाई प्राथमिकतामा राख्दै आएका छन् ।

दुर्गम भौगोलिक अवस्थाका कारण सेवा केन्द्रसम्म पुग्न नागरिकले लामो दूरी तय गर्नुपर्ने हुम्लामा डिजिटल प्रविधिलाई सेवा प्रवाह सहज बनाउने माध्यमका रूपमा प्रयोग गर्न थालिएको छ । स्थानीय तहहरूले कार्यालय व्यवस्थापन, अभिलेख प्रणाली, राजस्व सङ्कलन, घटना दर्ता, सूचना प्रवाह तथा अनलाइन सेवाजस्ता क्षेत्रमा प्रविधिको प्रयोग विस्तार गरिरहेका छन् । यसले नागरिकलाई स्थानीय सरकारका सेवा लिन सहज बनाउनुका साथै सरकारी कामकारबाहीलाई व्यवस्थित र पारदर्शी बनाउन सहयोग पुगेको छ ।

त्यस्तै प्रदेश सरकारबाट पनि हुम्लासहित कर्णालीका दुर्गम क्षेत्रमा डिजिटल पूर्वाधार विस्तार र प्रविधिमा पहुँच बढाउने प्रयास भइरहेका छन् । इन्टरनेट तथा सञ्चार सञ्जालको विस्तारसँगै शिक्षा, स्वास्थ्य, कृषि, प्रशासन र सार्वजनिक सेवामा डिजिटल प्रविधिको प्रयोगको आधार तयार भएको छ । स्थानीय आवश्यकता पहिचान गरेर गरिएको यस्तो लगानीले दुर्गम भूगोललाई प्रविधिसँग जोड्ने मात्र नभई राज्यका सेवा नागरिकको घरदैलोसम्म पुर्याउने सङ्घीयताको उद्देश्यलाई समेत बलियो बनाउँदै गएको छ । (लेखक हुम्ला प्रालि नामक स्टार्टअपको संस्थापक हुन्छ)

शुक्लाफाँटामा पर्यटक आवागमनमा वृद्धि : १३ दिनमा ६०० पर्यटक

युग संवाददाता
महेन्द्रनगर, १० कार्तिक ।

सुदूरपश्चिम प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्य कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटक अवलोकन गर्न आउने क्रम वृद्धि भएको पाइएको छ ।

मुलुक चाडपर्वमय भइरहेका बेला शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको भ्रमण गर्नेको सङ्ख्या बढेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका रेञ्जर विक्रम चौधरीले जानकारी दिए । करिब ३०५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको निकुञ्ज विश्वमै ठूलो बाह्रसिङ्गा हुल अवलोकन गर्न पाउने निकुञ्जका रुपमा परिचित छ ।

त्यस्तै मुलुकभरमै थोरै क्षेत्रफलमा धेरै पाटे बाघ भएको निकुञ्जका रुपमा समेत परिचित छ । यहाँ दुई हजार तीन सयभन्दा बढी बाह्रसिङ्गा, ५० वटा पाटे बाघ, २० भन्दा बढी गैडा, साढे चार सयभन्दा बढी चराचुरुङ्गी पाइने निकुञ्ज कार्यालयले जनाएको छ ।

गत असोज २८ गतेदेखि कात्तिक ९ गतेसम्म १३ दिनको अवधिमा आन्तरिक र बाह्य गरी ५९० जनाले निकुञ्जको अवलोकन भ्रमण गरेको रेञ्जर चौधरीले बताए । "बर्सातका बेला निकुञ्ज प्रवेश बन्द थियो । असोजको अन्तिम साता मात्रै खुला गरिएको हो", चौधरीले भने, "चाडपर्वका बेला घर आएका कञ्चनपुरसहित सुदूरपश्चिमका साथै मुलुकका विभिन्न स्थानबाट यहाँ आउने क्रम बढेको छ ।" निकुञ्ज खुला भएयता सोमबारसम्म यहाँ ५६० जना आन्तरिक, २३ जना सार्क मुलुकका र सात जना अन्य मुलुकका पर्यटकले अवलोकन भ्रमण गरेको रेञ्जर चौधरीले बताए ।

आन्तरिक पर्यटकलाई निकुञ्ज प्रवेश शुल्क प्रतिव्यक्ति रु १००, सार्क राष्ट्रका पर्यटकलाई प्रतिव्यक्ति रु ७५० र सार्क राष्ट्र बाहेकका विदेशी पर्यटकलाई प्रतिव्यक्ति रु एक हजार ५०० शुल्क लिइने गरेको निकुञ्ज कार्यालयले जनाएको छ ।

"काम र अध्ययनलगायतका कारणले जिल्ला बाहिर रहनुभएका कञ्चनपुरका स्थानीय नागरिक पनि बिदाका बेला शुक्लाफाँटा घुम्न आउने गरेका छन्", चौधरीले भने, "निकुञ्जको प्रचार प्रसार र पर्यटक प्रवर्द्धनका लागि पनि प्रयास भइरहेकै छन् ।"कञ्चनपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष दिनेश मल्लले कञ्चनपुरका पर्यटकीय गन्तव्यमा पछिल्लो समय आन्तरिक पर्यटकको भीडभाड रहेको बताए । "शुक्लाफाँटा, महाकालीस्थित चार लेनको पक्की भाइरल पुल, झोलुङ्गे पुल, बेदकोट ताल र झिलमिला तालमा पर्यटकको आवागमन वृद्धि भएको छ ।"

उनले भने, "अहिले पश्चिमी नाका गड्डाचौकी भएर भारतको नैनीताल र कैची धाम घुम्ने जाने नेपालीको सङ्ख्यामा पनि वृद्धि भएको छ ।" उनले पर्यटकीयस्थलमा आउने पर्यटकको यातायात, आवास र सुरक्षालगायतका विषयमा सरोकारवाला निकायले ध्यान दिनुपर्नेमा जोड दिए ।

दश वर्षमा बनेको पुल पनि सञ्चालनमा आएन

युग संवाददाता
बाजुरा, १० कार्तिक ।

जिल्लाको बेतालमाडौं-डेल्टा सडकको बार्जुगाड खोलामा १० वर्ष लगाएर पुल निर्माण गरिए पनि अझै सञ्चालनमा आएको छैन । स्थानीय खप्तड छेडेदह गाउँपालिका ३ र बूढीगङ्गा नगरपालिका-४ को बीचको त्यस खोलामा दुई वर्षमा निर्माण गरी सक्नुपर्ने पुल १० वर्षमा निर्माण भएको थियो ।

खप्तड छेडेदह-३ का स्थानीय रामबहादुर रावतका अनुसार अहिले पुल निर्माण सम्पन्न भएको महिनौं बितिसक्दा पनि सञ्चालनमा आएको छैन ।

"यसअघि खोलामा पुल नहुँदा विद्यार्थी, बिरामी तथा दैनिक कामकाजका लागि आवतजावत गर्ने स्थानीयले वर्षायाममा जोखिम मोलेर खोला तर्नुपर्ने बाध्यता थियो," उनले भने, "अहिले पुल बनेपछि पैदल आवतजावत गर्न सहज भएको छ । तर, पुल सञ्चालनमा नआउँदा यातायातमा हुने समस्या भने उस्तै छ ।" पुल निर्माण भएपछि सहज रुपमा यातायात सेवा लिने आशा गरेका स्थानीयवासीले पुरानै समस्या झेल्नु परेको उनले बताए ।

वि.सं. २०७३ मा तत्कालीन जिल्ला विकास समितिद्वारा पक्की पुल लागि रु दुई करोड २९ लाखमा दुई वर्षमा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको थियो ।

अछामको साउँद एडभेन्चर जेभीले निर्माणको जिम्मा लिएको उक्त पुल तयार हुन करिब १० वर्षमा लागेको हो । पूर्वाधार विकास कार्यालय साँफेबगर अछामका प्रमुख जङ्गबहादुर थापाले निर्माण कम्पनीको लापर्वाहीका कारण पुल निर्माणमा ढिलाइ भएको बताए ।

उनका अनुसार दुई वर्षभित्र निर्माण सम्पन्न हुनुपर्ने पुल २०८३ असारमा मात्रै सम्पन्न भएको हो । पुलको काम सकिए पनि वरपरको सडकको अवस्था राम्रो नहुँदा सञ्चालनमा ल्याउन नसकिएको उनले बताए । निर्माण कार्यमा भएको ढिलाइका कारण आर्थिक दायित्वसमेत थपिएको कार्यालयको भनाई छ ।

"पुल निर्माणको सम्पूर्ण काम सकिएको छ । तर, निर्माण कम्पनीले काममा ढिलाइ गरेपछि महालेखाले कूल बजेटको १० प्रतिशत रकम असुल गर्नुपर्ने भन्दै रु २२ लाख बेरुजु देखाएको छ," उनले भने, "ठेकेदारले उक्त रकम असुल गर्न नमान्दा हालसम्म पुल हस्तान्तरणसमेत भएको छैन ।"

त्यस्तै, पुल निर्माण सम्पन्न भए पनि सडकखण्डका विभिन्न स्थानमा पहिरोबाट सडक अवरुद्ध हुँदा स्थानीयवासीले थप समस्या भोग्नुपरेको छ ।

बेतालमाडौं-डेल्टा सडकखण्डको बूढीगङ्गा नगरपालिका क्षेत्रमा लामो समयदेखि सडक अवरुद्ध रहेको स्थानीय दीपक रावतले बताए । उनका अनुसार सडक अवरुद्ध हुँदा स्थानीयलाई आवतजावत तथा दैनिक कामकाजमा समस्या भइरहेको छ ।

बूढीगङ्गा नगरपालिकाका नगरप्रमुख रामबहादुर बानियाँले अवरुद्ध रहेको सडक दसैँ अगाडि नै खोलेर सुचारु गर्ने तयारी गरे पनि मेसिन बिग्रिएकाले अब मर्मतपछि लगत्तै खोलिने जानकारी दिए ।

बाँके निकुञ्जमा जङ्गल सफारी सुरु

युग संवाददाता
बाँके, १० कार्तिक ।

बाँके राष्ट्रिय निकुञ्जमा जङ्गल सफारी सुरु गरिएको छ । निकुञ्जको पाँचै वटा रुट (वनपथ) बाट सफारी सुरु भएको निकुञ्जका अधिकृत विज्ञान वलीले जानकारी दिए । उनका अनुसार त्यहाँ वन्यजन्तु अवलोकन, जङ्गल भ्रमण र प्राकृतिक सौन्दर्यको अनुभव लिन चाहने आन्तरिक तथा बाह्य पर्यटक सफारीमा आउने गर्छन् ।

पाटेबाघ र दुर्लभ वन्यजन्तुका लागि परिचित बाँके राष्ट्रिय निकुञ्जमा सफारीसँगै पर्यटकको आगमन बढ्न थालेको गाभर भ्याली होमस्टेका सञ्चालक कृष्ण थारूले जानकारी दिए ।

हुम्लामा भलिबलको रोमाञ्चक प्रतिस्पर्धा, कर्णाली युथले जित्यो उपाधि

युग संवाददाता

हुम्ला, १० कार्तिक ।

हुम्लाको तीन हजार ६०० मिटर उचाइमा सञ्चालन गरिएको जिल्लास्तरीय लेकधिङ्गा हाइअल्टिच्युड भलिबल प्रतियोगिताको उपाधि सिमकोट गाउँपालिका-७ को कर्णाली युथ क्लबले जितेको छ । फाइनल खेलमा सेकेन्ड स्टार युथ क्लबलाई पराजित गर्दै कर्णाली युथ क्लबले उपाधि आफ्नो पक्षमा पारेको हो । हुम्ला जिल्लाकै सबैभन्दा उच्च स्थानमा रहेको खेलमैदानमा आयोजना गरिएको प्रतियोगितामा विभिन्न टोलीबीच प्रतिस्पर्धा भएको थियो । प्रतियोगितामा कर्णाली युथ क्लब प्रथम हुँदा सेकेन्ड स्टार युथ क्लब दोस्रो र नाम्खा गाउँपालिका-१ को हेक्पा आइस तेस्रो भएको आयोजक कमिटीका निमा लामाले बताए । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने टोलीले क्रमशः एक लाख, ७० हजार र ४० हजार रूपैयाँ नगद पुरस्कार प्राप्त गरेका छन् ।

होल्डिङ...

होल्डिङ सेन्टरमा बस्दै आएकी कल्पना कामी र बिर्मा विकका लागि पनि दसैँले खुसीभन्दा बढी अभावको अनुभूति गराएको छ । आफ्नै घरमा बसेर परिवार र आफन्तसँग चाडपर्व मनाउने रहर हुँदा हुँदै पनि अस्थायी आश्रयमा बस्नुपर्दा उनीहरूको मनमा पीडा थपिएको छ । वर्षौंसम्म बसोबास गरेको ठाउँबाट विस्थापित भएपछि सुरक्षित रूपमा बस्न पाउने व्यवस्था नहुँदा भविष्यप्रतिको चिन्ता बढ्दै गएको छ । ७० वर्षीया मिना दमाईलाई पनि जीवनको उत्तरार्धमा घरबारविहीन भएर बस्नुपर्ला भन्ने लागेको थिएन । बुढेसकालमा आरामसँग आफ्नै घरमा बस्ने र परिवारसँग सुखदुःख साटासाट गर्ने चाहना भएपनि अहिले साँघुरो ठाउँमा बस्नुपरेको उनको गुनासो छ । पर्याप्त ठाउँ नहुँदा दैनिक जीवनयापनमा कठिनाइ भएको मात्र होइन, घर नहुँदा धार्मिक तथा पारिवारिक संस्कारसमेत सहज रूपमा गर्न नपाएको उनी बताउँछन् ।

उमेर ढल्किँदै जाँदा आफ्नै घरमा सुरक्षित भएर बस्ने चाहना स्वाभाविक हो। तर, मिना दमाईजस्ता ज्येष्ठ नागरिकले अहिले आधारभूत आवासको अभावसँग जुध्नुपरेको छ । घर नहुँदाको पीडा चाडपर्वमा झन् गहिरो हुने गरेको छ । अरूका घरमा दशैँ-तिहारको खुसी छाइरहँदा उनीहरू भने आफ्नो भविष्य कहाँ र कसरी बिताउने भन्ने चिन्तामा छन् ।

विस्थापित परिवारले सुरक्षित र स्थायी बसोबासको व्यवस्था गरिदिन सरकारसँग माग गरेका छन् । उनीहरूलाई तत्कालका लागि सुरक्षित आश्रयसँगै दीर्घकालीन रूपमा आफ्नै बसोबासको व्यवस्था आवश्यक देखिएको छ । अस्थायी होल्डिङ सेन्टरमा लामो समयसम्म बस्नुपर्दा बालबालिका, ज्येष्ठ नागरिक र अन्य परिवारका सदस्यको दैनिक जीवनमा परेको असरलाई ध्यानमा राख्दै समस्या छिटो समाधान गर्नुपर्ने उनीहरूको माग छ । विस्थापित परिवारको समस्या समाधानका लागि वास्तविक भूमिहीन दलित तथा सुकुम्बासीको पहिचान गर्ने काम भइरहेको कोहलपुर नगरपालिकाले जनाएको छ । विभिन्न जिल्ला तथा स्थानीय तहबाट विवरण माग गरिएको र प्राप्त विवरणका आधारमा वास्तविक भूमिहीनको पहिचान गरी बसोबास व्यवस्थापनका लागि पहल भइरहेको नगरपालिकाको भनाई छ । त्यसका लागि सरकारी तथा ऐलानी जग्गाको खोजीसमेत भइरहेको जनाइएको छ ।

नगरपालिकाका नगर प्रहरी प्रमुख वीरबहादुर थापाका अनुसार विस्थापित परिवारको विवरण संकलन तथा व्यवस्थापनका विषयमा प्रक्रिया अघि बढाइएको छ । यद्यपि, परिवारहरूको स्थायी बसोबास कहिलेसम्म सुनिश्चित हुन्छ भन्ने विषयमा भने उनीहरू अझै स्पष्ट जवाफको प्रतीक्षामा छन् । घर केवल घामपानीबाट जोगिने छानो मात्र होइन, परिवारको सुरक्षा, आत्मसम्मान र सामाजिक जीवनको आधार पनि हो । आफ्नै घर नहुँदा चाडपर्वको खुसी मात्र खोसिँदैन, बालबालिकाको भविष्य, ज्येष्ठ नागरिकको सुरक्षा र परिवारको नियमित जीवनसमेत प्रभावित हुन्छ । त्यसैले विस्थापित परिवारको समस्या समाधान गर्दा उनीहरूको वास्तविक अवस्था पहिचान गरी सुरक्षित, व्यवस्थित र दिगो बसोबासको व्यवस्था गर्नु आवश्यक छ । घरआँगनमा दशैँको रौनक सकिएर तिहारको उज्यालो छाउन थालेको छ । तर, कोहलपुरका विस्थापित परिवार भने आफ्नै घरबासको प्रतीक्षामा छन् । अरूका घरमा दीपावलीका दियो बलिरहँदा उनीहरूको मनमा भने कहिले आफ्नै घरको आँगन उज्यालो होला भन्ने प्रश्न छ । परिवारसँग आफ्नै छानामुनि बसेर चाडपर्व मनाउने उनीहरूको चाहना कहिले पूरा हुन्छ भन्ने अझै निश्चित छैन । उनीहरूका लागि तिहारको वास्तविक उज्यालो त्यतिबेला मात्र हुनेछ, जतिबेला अस्थायी आश्रयको अनिश्चितता हटेर सुरक्षित र सम्मानजनक बसोबासको सुनिश्चितता हुनेछ ।

बाँकेमा पान खेतीको सम्भावना पहिल्याउँदै बस्नेत

युग संवाददाता

नेपालगञ्ज, १० कार्तिक ।

कोहलपुर नगरपालिका-११ निवासी कीट संरक्षण अभियन्ता अध्यक्ष पुरमल बस्नेत यतिबेला पान खेतीमा व्यस्त छन् । उनले पाँच वर्षअघि एउटा मीठा पानको बिरुवा रोपेर खेती सुरु गरेका थिए । अहिले उनको घरमा पानको लहरा करिब तीन धुर क्षेत्रफलमा फैलिएको छ । सामान्य हेरचाह, कम्पोस्ट मल र पानीको प्रयोगबाट पात उत्पादन भइरहेको उनले बताए ।

पानको बिरुवालाई चिस्यानयुक्त र ओसिलो वातावरण आवश्यकपर्ने भएकाले उपयुक्त स्थान र खेती व्यवस्थापन गर्नसके बाँकेको हावापानी तथा भौगोलिक अवस्थाले उत्पादनमा बढावा दिनसक्ने उनको अनुभव छ । “एउटा बिरुवाबाट सुरु गरेको खेती पाँच वर्षमा तीन धुर क्षेत्रमा फैलिएको छ ।

रासायनिक औषधीको प्रयोग नगरी कम्पोस्ट मल र पानीबाटै पात उत्पादन भइरहेको छ । यसले बाँकेमा पनि पान खेतीको सम्भावना देखाएको छ”, बस्नेतले भने ।

उनका अनुसार नेपालमा धार्मिक, सांस्कृतिक कार्यमा पानको पातको नियमित माग रहे पनि स्वदेशी उत्पादन पर्याप्त नहुँदा आयातमा निर्भर हुनुपर्ने अवस्था छ । स्थानीयस्तरमै व्यावसायिक उत्पादन गर्नसके किसानका लागि नयाँ आम्दानीको स्रोत सिर्जना हुनुका साथै आयात प्रतिस्थापनमा योगदान पुग्नसक्छ ।

बस्नेतसँग हाल करिब १० कट्ठा क्षेत्रफलमा खेती गर्न पुग्ने पानका बिरुवा छन् । उनले पानखेती गर्न इच्छुक व्यक्तिलाई निःशुल्क बिरुवा उपलब्ध गराउँदै आएका छन् ।

उनले बाँकेमा यसको व्यावसायिक सम्भाव्यताको अध्ययन गरी उत्पादन विस्तारको योजना बनाउनेतर्फ लागिपरेको उनको भनाइ छ । पानखेतीको सम्भावनालाई व्यावसायिक अवसरमा रूपान्तरण गर्न सरकारी निकायको अनुसन्धान र प्राविधिक सहयोग आवश्यक रहेको उनले बताए । उनका अनुसार व्यावसायिक उत्पादन सुरु गर्नुअघि माटोको अवस्था, तापक्रम, चिस्यान, उपयुक्त जात, रोगकीरा व्यवस्थापन तथा उत्पादन क्षमताबारे अध्ययन गर्न आवश्यक छ । त्यसैगरी बजारको माग, उत्पादन लागत, बिक्री मूल्य, पातको गुणस्तर, भण्डारण र ढुवानी व्यवस्थाबारे पनि स्पष्ट योजना बनाउनुपर्छ ।

घरायसी तहमा गरिएको नमुनाखेती सफल हुँदैमा ठूलो क्षेत्रफलमा उत्पादन पनि सफल हुन्छ भन्ने निष्कर्ष निकाल्न नसकिने उनको भनाई छ । त्यसैले कृषि अनुसन्धान गर्ने निकायले परीक्षण गरी खेतीको उपयुक्तता र उत्पादन क्षमताबारे निष्कर्ष निकाल्नुपर्ने उनको धारणा छ । “सम्बन्धित निकायले अनुसन्धान गरेर पान खेतीको सम्भावना प्रमाणित गरिदिनुपर्छ । सरकारीस्तरबाट पहल र प्राविधिक सहयोग भए व्यावसायिक उत्पादन गर्न सकिन्छ । यसले किसानको आम्दानी बढाउनुका साथै विदेशबाट आउने पानको पातको आयात घटाउन पनि सहयोग गर्छ”, उनले भने । पानको पात नेपाली समाजमा विवाह, पूजाआजा, व्रतबन्धलगायतका शुभकार्यमा प्रयोग हुँदै आएको छ ।

बस्नेत पान खेतीको सम्भावना खोज्नेमै सीमित छन् । उनले कोदो, जङ्गली धानलगायतका बाली तथा लोपोन्मुख अवस्थामा रहेका मौरीका प्रजातिको संरक्षणमा काम गर्दै आएका छन् ।

पुच्का, कचौरी, कालो भमरालगायतका प्रजाति तथा विभिन्न पक्षीको संरक्षणका लागि जिन बैंक निर्माण र संरक्षणमा उनी सङ्लग्न छन् । परम्परागत कृषि ज्ञान, जैविक विविधताको संरक्षण र आधुनिक कृषि प्रणालीलाई जोडेर कृषि क्षेत्रलाई अघि बढाउनुपर्ने उनको मान्यता छ । पान खेतीको नमुना अभ्यासलाई वैज्ञानिक अनुसन्धान, सरकारी सहयोग र बजार व्यवस्थापनसँग जोड् नसके बाँकेका किसानका लागि नयाँ कृषि व्यवसायको बाटो खुल्नसक्ने उनको अपेक्षा छ ।

बाँकेको सैयापुर क्षेत्र पदयात्राको गन्तव्य

युग संवाददाता

बाँके, १० कार्तिक ।

सैयापुर क्षेत्र हाइकिङ (पदयात्रा) लागि गन्तव्य स्थान बन्न थालेको छ । छोटो उकालो यात्रा अनि रोमाञ्चक दृश्यावलोकनले आन्तरिक तथा बाह्य पर्यटकका लागि सो क्षेत्र पर्यटकीय आर्कषण थलो बनेको हो ।

उक्त स्थान राप्तीसोनारी गाउँपालिका-७ मा पर्छ । पदयात्राकाका क्रममा पर्यटकले त्यहाँ रहेका झरना, गुफालगायत नेपालगञ्ज, नरैनापुर र भारतका विभिन्न सहरका दृश्यावलोकन गर्न पाउने पर्यटन उद्यमी श्रीराम सिग्देलले जानकारी दिए ।

उनका अनुसार नेपालगन्जबाट करिब आधा घण्टाको दूरीमा सजिलै त्यहाँ पुग्न सकिने र छोटो उकालो पदयात्रामा खजुर, भक्कीम्लो, कुसुम, बडहरलगायतका फलफूल र विभिन्न प्रजातीका वनस्पतीसमेत देख्न पाइन्छ ।

कर्णालीका...

नन्दन यादवले नौ रनमा जोडे । कर्णालीलाई कम स्कोरमा रोक्न जनकपुरका कप्तान हरमित सिंहले तीन विकेट लिए ।

उनले आफ्नो स्पेलमा एक मेडन राख्दै २२ रन दिए । मोइन र राहुल यादवले समान दुई विकेट लिए । ललितको नाममा एक विकेट रह्यो ।

घण्टाघर...

उनले खुला ठाउँमा हुने यस्तो प्रसारणले नयाँ पुस्तालाई खेलकुदमा लाग्न प्रेरित गर्ने बताए । ‘कुनै पनि खेलकुदलाई प्रविधिको प्रयोग गरियो भने नयाँ पुस्तालाई पनि खेल क्षेत्रमा लाग्न थप हौसला र प्रेरणा मिल्छ । यस्ता प्राविधिक विषयलाई थप व्यवस्थित बनाउन सम्बन्धित निकायले ध्यान दिनुपर्छ,’ उनले भने ।

एनपीएल तेस्रो संस्करणको अवसरमा वीरेन्द्रनगरमा देखिएको दृश्यले खेलकुद मनोरञ्जन गर्ने माध्यम मात्र होइन सामाजिक एकता र साझा अपनत्वको उदाहरण पनि हो । कर्णाली प्रदेशले खेलकुद पूर्वाधारको अभाव लामो समयदेखि झेल्दै आएको छ । घण्टाघर डबलीमा उर्लिएको समर्थकहरूको भिडले कर्णालीमा पनि क्रिकेटप्रतिको अघात प्रेम र यसको प्रचुर सम्भावना झल्काउछ । आफ्नो मनपर्ने टिमले सफलता प्राप्त गर्दा डबलीको वातावरण चाडपर्वजस्तै बनाएको छ ।

खुला स्क्रिनले टिकट काट्न नसक्ने विपन्न वर्ग, विद्यार्थी तथा कामकाजी नागरिक सबैलाई एउटै लहरमा उभ्याएर खेलको हिस्सा बनाएको छ । सार्वजनिक प्रसारणले सहरको साँझको चहलपहल र अर्थतन्त्रलाई पनि चलायमान बनाएको छ । घण्टाघर डबलीवरपरका चिया पसल, खाजा घर र साना खुद्रा व्यापारीहरूको व्यापार खेल सुरु भएसँगै उल्लेख्य रूपमा बढेको छ । १५ मंसिर २०८१ बाट सुरु भएको एनपीएलको दोस्रो संस्करण १ मंसिर २०८२ मा सम्पन्न भएको थियो । सीमित स्रोत र पूर्वाधारका बीच सुरुभारम्भ भएको एनपीएलले छोटो समयमै अन्तराष्ट्रिय मान्यतासमेत पाइसकेको छ । क्रिकेटमा विश्वमाझ ख्याति कमाएका खेलाडीले आफ्नो प्रतिभा प्रदर्शन गरिरहदा नेपाली क्रिकेटको उचाई बढको छ ।



९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश ल्याङ्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट


लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई

RARA Printing Pvt.Ltd.

रारा प्रिन्टीङ्ग प्रा.लि.

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)



Book & Copy Printing



Packaging Box Printing



Wedding Card Printing



Stamp



Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं.

९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत ।